बीमा समिति
BEEMA SAMITI
Insurance Regulatory Authority of Nepal

# लघु बीमा निर्देशिका, २०७६

माघ, २०७६
कुपण्डोल, ललितपुर

**प्रस्तावनाः** लघु बीमा व्यवसायको विकास, प्रबर्द्धन तथा व्यवस्थापन गरी बीमा मार्फत न्यून आय वर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नका लागि बीमा ऐन, २०४९ को दफा ८ (घ २) को अधिकार प्रयोग गरी बीमा समितिले **लघु बीमा निर्देशिका, २०७६** बनाएको छ ।

परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "**लघु बीमा निर्देशिका, २०७६**" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ ।

(ग) **"बीमा समिति"** भन्नाले ऐनको दफा ३ बमोजिम गठित बीमा समिति सम्झनुपर्छ ।

(घ) **"बीमक"** भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

(ङ) **"लघु बीमा"** भन्नाले न्यून आय वर्गका व्यक्तिहरुलाई लक्षित गरी यसै निर्देशिका बमोजिम जारी भएका बीमा व्यवसाय सम्झनुपर्छ ।

(च) **"लघु जीवन बीमा"** भन्नाले जीवन बीमा व्यवसाय गर्ने बीमकले जारी गर्ने लघु जीवन बीमा सम्झनुपर्छ ।

(छ) **"लघु निर्जीवन बीमा"** भन्नाले निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले जारी गर्ने लघु निर्जीवन बीमा सम्झनुपर्छ ।

(ज) **"लघु बीमालेख"** भन्नाले लघु बीमाको शर्त बन्देज सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको बीमक र बीमित बीचको लिखित करार सम्झनुपर्छ ।

(झ) **"लघु बीमा अभिकर्ता"** भन्नाले लघु बीमालेख बिक्री बितरण गर्न बीमकको तर्फबाट भूमिका निर्वाह गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

परिच्छेद –२

## लघु बीमा व्यवसाय

३. **लघु बीमा गर्नुपर्नेः** (१) यो निर्देशिका प्रारम्भ भए पश्चात बीमकले लघु बीमा व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) यस निर्देशिकाको अधीनमा रही जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु जीवन बीमा र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु निर्जीवन बीमा व्यवसाय गर्नु पर्नेछ।

(३) बीमकले समितिले तोकेको मात्रा र अनुपातमा लघु बीमा व्यवसाय गर्नु पर्नेछ।

४. **लघु जीवन बीमा व्यवसायः** लघु जीवन बीमा व्यवसाय अर्न्तगत बीमकले देहायको मध्ये एक वा एक भन्दा बढी प्रकारका बीमा व्यवसाय गर्न सक्नेछः

(ख) सावधिक लघु जीवन बीमा,

(ग) म्यादी लघु जीवन बीमा,

(घ) समितिले तोकिदिए बमोजिमको अन्य लघु जीवन बीमा।

५. **लघु निर्जीवन बीमा व्यवसायः** लघु निर्जीवन बीमा व्यवसाय अर्न्तगत बीमकले देहायको मध्ये एक वा एक भन्दा बढी प्रकारका बीमा व्यवसाय गर्न सक्नेछः

(क) सम्पत्ति लघु बीमा
(ख) घर लघु बीमा
(ग) दुर्घटना लघु बीमा
(घ) स्वास्थ्य लघु बीमा
(ङ) घातक रोग लघु बीमा
(च) कृषि लघु बीमा
(छ) समितिले तोकिदिए बमोजिमको अन्य लघु निर्जीवन बीमा।

६. **बीमा करारः** (१) बीमकले यस निर्देशिका बमोजिम जारी गरेको लघु बीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ।

(२) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमितलाई बीमालेखको अवधि समाप्त हुन लागेको जानकारी सहितको सूचना पठाउन सक्नेछ।

(३) बीमा प्रस्ताव फाराम, बीमालेख तथा बीमालेखसङ्ग संलग्न अन्य आवश्यक कागजातलाई समग्र बीमा करारको रूपमा लिनु पर्नेछ।

७. **बीमालेखः** (१) जीवन बीमा व्यवसाय गर्ने बीमकको हकमा समितिले स्वीकृत गरे बमोजिम तथा निर्जीवन बीमकको हकमा समितिले तोके बमोजिमको लघु बीमालेख जारी गर्नु पर्नेछ।

(२) बीमालेखको विषय, अन्तर्वस्तु (कन्टेन्ट), शब्दावली तथा तत्सम्बन्धी अन्य कुरा समितिले तोकिदिए बमोजिम हुनेछ।

८. **प्रस्ताव फाराम भर्नु पर्नेः** (१) बीमालेख जारी गर्दा समितिले तोके बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरेको हुनु पर्नेछ।

(२) बीमालेख जारी गर्नु अगावै बीमालेख जारी गर्नको लागि आवश्यक सम्पूर्ण विवरण हेरी जाँची बीमा गर्नु पर्नेछ।

९. **बीमालेखको अवधिः** जीवन लघु बीमालेखको हकमा एक वर्ष वा सो भन्दा बढी अवधिको र निर्जीवन लघु बीमालेखको हकमा एक वर्ष वा सो भन्दा कम अवधिको लागि मात्र जारी गर्न सकिनेछ।

(२) लघु बीमालेख जारी गर्दा जारी भएको समय तथा जोखिम प्रारम्भ भएको मिति र समय समेत उल्लेख गर्नु पर्नेछ।

१०.**बीमाशुल्कः** (१) बीमकले बीमालेखमा उल्लेख भएको बीमाशुल्क गणना गरी सोही बमोजिम बीमाशुल्क लिनु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम जारी गरिने बीमालेखको बीमाशुल्कमा कुनै पनि प्रकारको छुट (डिस्काउन्ट), प्रदान गर्न वा बीमाशुल्क कटौति गर्न वा सहुलियत दिन पाइने छैन।

तर, बीमा अभिकर्ताको प्रयोग नगरी सिधै बीमालेख बिक्री (प्रत्यक्ष बीमा) गरिएको अवस्थामा बीमितलाई जीवन बीमाको हकमा आठ प्रतिशत तथा निर्जीवन बीमाको हकमा दश प्रतिशतका दरले हुन आउने रकम छुट प्रदान गर्न सकिनेछ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ अनुसार विक्री गरिएको लघु बीमालेखको लागि उक्त कार्यविधिमा तोकिए बमोजिम बीमकले पाउने बीमाशुल्क अनुदान बराबरको रकम घटाई बाँकी रकम मात्र बीमाशुल्कको रूपमा लिनु पर्नेछ।

(४) यस निर्देशिका बमोजिम जारी गरिने बीमालेखमा बीमाशुल्क गणना गर्दा हुन आउने कूल बीमाशुल्क रकममा कुनै पनि अतिरिक्त रकम थप गरी लिन पाइने छैन।

(५) एकपल्ट बीमालेख जारी भएपश्चात बीमा अवधिभर बीमादर बढाउन वा घटाउन पाइने छैन।

**११.बीमाङ्कको सीमा:** (१) नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ को दफा ३ मा सहुलियतपूर्ण कर्जा प्रकारका लागि उल्लेख भएको प्रति ऋणी अधिकतम सीमा ननाघ्ने गरी लघु बीमालेखमा बीमाङ्क कायम गर्नु पर्नेछ।

(२) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" बर्गका लघुवित्त वित्तीय सँस्थाहरूलाई जारी गरिएको निर्देशन,२०७६ को दफा ३.२ बमोजिम कर्जा लिई सोही प्रयोजनको लागि लघु बीमा गर्दा सोही दफामा उल्लेख भएको प्रति ऋणी अधिकतम सीमा ननाघ्ने गरी लघु बीमाको बीमाङ्क कायम गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको सुविधा अन्तर्गत लघु बीमा गर्न चाहने व्यक्ति वा सँस्थाले **अनुसूची-१** बमोजिम लघु बीमा गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) को प्रावधान बाहेक बीमितले आफै गर्ने भए **अनुसूची-२** मा उल्लेख भएको सीमा ननाघ्ने गरी लघु बीमाको बीमाङ्क कायम गरी लघु बीमा गर्नु पर्नेछ।

१२. **खुलाउनु पर्ने:** बीमालेखमा बीमित, बीमा गरिएको बस्तु, बीमाङ्क, बीमाशुल्क तथा अन्य विवरण प्रष्ट रूपमा खुलाउनु पर्नेछ।

परिच्छेद-३

## लघु बीमा अभिकर्ता सम्बन्धी व्यवस्था

**१३.लघु बीमा अभिकर्ता:** (१) बीमकले प्रत्यक्ष वा लघु बीमा अभिकर्ता मार्फत लघु बीमा गराउन सक्नेछ।

(२) लघु बीमा अभिकर्ताको लागि चाहिने योग्यता बीमा नियमावली, २०४९ को नियम २१ ले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (२) को अतिरिक्त लघु बीमा अभिकर्ता हुनका लागि समिति वा समितिबाट मान्यताप्राप्त सँस्थाबाट लघु बीमा अभिकर्ता सम्बन्धी तालिम लिएको हुनुपर्नेछ।

**१४. लघु बीमा अभिकर्ताको काम, कर्तव्य:** बीमा ऐन, बीमा नियमावली तथा समितिले समय समयमा दिएको आदेश निर्देशन तथा लघु बीमालेख समेतको अधिनमा रही लघु बीमा अभिकर्ताको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) बीमितलाई बीमकको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराउने,

(ख) बीमितलाई लघु बीमालेख उपलब्ध गराउने,

(ग) लघु बीमा प्रस्ताव फाराम भराउने,

(घ) आवश्यकता अनुसार बीमालेख नवीकरण गराउन आवश्यक सहयोग गर्ने,

(ङ) बीमकको तर्फबाट लघु बीमा सम्बन्धी अन्य आवश्यक कार्य गर्ने गराउने, र

(च) लघु बीमा सम्बन्धमा समितिले तोकिदिएका अन्य कार्य गर्ने गराउने ।

**१५.सँस्थागत लघु बीमा अभिकर्ता**: (१) देहायका सँस्थाले लघु बीमा अभिकर्ताको रूपमा कार्य गर्न सक्नेछन्:

(क) गैर सरकारी सँस्था

(ख) स्वावलम्वन समूह

(ग) लघुवित्त वित्तीय सँस्था

(घ) सहकारी सँस्था

(ङ) कानून बमोजिम दर्ता भएको अन्य संगठित सँस्था

(२) सँस्थागत लघु बीमा अभिकर्ताको रूपमा कार्य गर्न चाहने सँस्थाले आफ्नो उद्देश्यमा बीमा अभिकर्ताको रूपमा कार्य गर्ने भनी स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

**१६.लघु बीमा अभिकर्ताको आचारसंहिता:** लघु बीमा अभिकर्ताको आचारसंहिता समितिले तोकिदिए बमोजिम हुनेछ ।

**१७.लघु बीमा अभिकर्ताको कमिशन :** (१) लघु बीमा अभिकर्ताको कमिशन **अनुसूची-१** र **२** बमोजिम हुनेछ ।

**१८. बीमक जिम्मेवार हुने**: बीमकको सञ्चालक, कर्मचारी तथा लघु बीमा सम्बन्धी कार्य गर्ने लघु बीमा अभिकर्ताले लघु बीमालेख लिनेको हककहित विरुद्ध कुनै काम गरी नोक्सानी पुर्याएमा त्यसको जिम्मेवारी बीमकले लिनु पर्नेछ ।

परिच्छेद – ४

## दाबी भुक्तानी

**१९. दाबी भुक्तानी**: (१) बीमकले आफु समक्ष परेका लघु बीमा दाबीको तत्काल छानबीन गरी दाबी भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी भुक्तानी गर्दा आफुले तोकेको लघु बीमाको दाबी सम्बन्धी आवश्यक कागजात प्राप्त भएको सात दिन भित्र छानबिन गराई दायित्व यकिन गरी भुक्तानी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कागजात, विवरण तथा सिफारिस बमोजिम दाबी भुक्तानी गर्नु नपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई बीमितलाई पन्ध्र दिन भित्र लिखित जानकारी दिनु पर्नेछ ।

(४) दाबी भुक्तानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा बीमा नियमावली, २०४९ को नियम ३३ बमोजिम बीमा समितिमा पैंतीस दिन भित्र लिखित उजुरी गर्न सक्नेछ।

२०.**दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजात:** दावी भुक्तानी प्रक्रियाको लागि बीमितले बीमक समक्ष लघु बीमालेखमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नु पर्नेछ।

परिच्छेद – ५

## विविध

२१.**विवरण पठाउनु पर्ने:** (१) बीमकले आफूले जारी गरेको लघु बीमा सम्बन्धी बीमालेख, त्यस्तो बीमालेखले सिर्जना गरेको दायित्व तथा जोखिम र समितिले समय समयमा तोकिदिए बमोजिमका अन्य विवरणहरु प्रत्येक त्रैमासिक अवधि समाप्त भएको मितिले तीस (३०) दिन भित्र **अनुसूची-३** बमोजिमको ढाँचामा समितिमा पठाउनु पर्नेछ।

२२.**प्रचलित कानून बमोजिम हुने:** यस निर्देशिकामा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२३. **खारेजी र वचाऊ:** (१) लघु बीमा निर्देशिका, २०७१ खारेज गरिएको छ।

(२) लघु बीमा निर्देशिका, २०७१ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम गरेको मानिनेछ।

२४.**बाधा अड्काउ र फुकाउ:** यस निर्देशिकाको कार्यान्वयमा कुनै बाधा अड्चन आइपरेमा बीमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची-१

(दफा ११ र १७ सङ्ग सम्बन्धित)

## लघु बीमाको किसिम, बीमाशुल्क र कमिशन सम्बन्धी व्यवस्था

| नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" बर्गका लघुवित्त वित्तीय सँस्थाहरूलाई जारी गरिएको निर्देशन,२०७६ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | व्यवस्था | अधिकतम बीमाङ्क | लघु बीमाको किसिम | बीमा शुल्क | कमिशन |
| १ | दफा ३.२ (क) | पाँच लाख रूपैयाँ | सम्पत्ति लघु बीमा | रू. २ प्रतिहजार | १५ % |
| २ | दफा ३.२ (ख) | दुई लाख रूपैयाँ | घर लघु बीमा | रू. २ प्रतिहजार | १५ % |
| ३ | दफा ३.२ (ग) | दश लाख रूपैयाँ | सम्पत्ति लघु बीमा | रू. २ प्रतिहजार | १५ % |
| ४ | दफा ३.२ (घ) | तीन लाख रूपैयाँ | सम्पत्ति लघु बीमा | रू. २ प्रतिहजार | १५ % |
| नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ | | | | | |
| क्र.सं. | व्यवस्था | अधिकतम बीमाङ्क | लघु बीमाको किसिम | बीमा शुल्क | कमिशन |
| ६ | दफा ३ (१) (क) | दश लाख रूपैयाँ | बाली तथा पशुपन्छी बीमा | बीमालेखमा उल्लेख भए अनुसार | १५ % |
| ७ | दफा ३ (१) (ख) | सात लाख रूपैयाँ | सम्पत्ति बीमा | रू. २ प्रतिहजार | १५ % |
| ८ | दफा ३ (१) (ग) | दश लाख रूपैयाँ | सम्पत्ति बीमा | रू. २ प्रतिहजार | १५ % |
| ९ | दफा ३ (१) (घ) | पन्ध्र लाख रूपैयाँ | सम्पत्ति बीमा | रू. २ प्रतिहजार | १५ % |
| १० | दफा ३ (१) (ङ) | दश लाख रूपैयाँ | सम्पत्ति बीमा | रू. २ प्रतिहजार | १५ % |
| ११ | दफा ३ (१) (च) | पाँच लाख रूपैयाँ | सावधिक जीवन बीमा | बीमालेखमा उल्लेख भए अनुसार | नियमावली अनुसार |
| १२ | दफा ३ (१) (छ) | तीन लाख रूपैयाँ | घर बीमा | रू.२ प्रतिहजार | १५ % |

## अनुसूची-२

(दफा ११ सङ्ग सम्बन्धित)

## लघु बीमाको किसिम, बीमाङ्क, बीमाशुल्क र कमिसन

| क्र.सं. | बीमाको किसिम | अधिकतम बीमाङ्क | बीमाशुल्क | कमिसन |
|---|---|---|---|---|
| **जीवन लघु बीमा** | | | | |
| (क) | सावधिक लघु जीवन बीमा | रू. तीन लाख | बीमालेखमा उल्लेख भए अनुसार | नियमावली अनुसार |
| (ख) | म्यादी लघु जीवन बीमा | रू. तीन लाख | बीमालेखमा उल्लेख भए अनुसार | नियमावली अनुसार |
| (ग) | अन्य लघु जीवन बीमा | रू. तीन लाख | बीमालेखमा उल्लेख भए अनुसार | नियमावली अनुसार |
| **निर्जीवन लघु बीमा** | | | | |
| (क) | सम्पत्ति लघु बीमा | रू. पाँच लाख | रू. २ प्रतिहजार | १५ % |
| (ख) | घर लघु बीमा | रू. पाँच लाख | ५० पैसा प्रतिहजार | १५ % |
| (ग) | दुर्घटना लघु बीमा | रू. तीन लाख | रू. १ प्रति हजार | १५ % |
| (घ) | स्वास्थ्य लघु बीमा | रू. पचास हजार (प्रति परिवार-बढीमा ५ जना सदस्य रहने) | रू. ४० प्रति हजार | १५ % |
| (ङ) | घातक रोग लघु बीमा | रू. एक लाख | बीमालेखमा उल्लेख भए अनुसार | १५ % |
| (च) | बाली तथा पशुपन्छी लघु बीमा | रू. दुई लाख | बीमालेखमा उल्लेख भए अनुसार | १५ % |
| (छ) | अन्य | रू. तीन लाख | रू. ५ प्रति हजार | १५ % |

# अनुसूची- ३

(दफा २१ सङ्ग सम्बन्धित)

## लघु बीमाको आ. व. ..../.. ...... त्रैमासिक विवरण

### ... ... ... ... इन्स्योरेन्स कम्पनी लि.

| क्र. सं. | बीमालेखको प्रकार | बीमालेख संख्या | बीमाङ्क | बीमा शुल्क | दाबी संख्या | मागदाबी रकम | दाबी भुक्तानी संख्या | दाबी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

**समाप्त**